
# भूमिहीनता

(भूमिअधिकारबारे पढ्ने सामग्री - २)




- सामुदायिक आत्मनिर्भर सेवा केन्द्र

## भूमिहीनता भनेको के हो ?

जमिन प्रकृतिले नै उपलब्ध गराएको सुन्दर उपहार हो, जसले पृथ्वीमा प्राणीलाई बाँच्न र गरिखान सम्भव तुल्याएको छ । त्यसैले यो पहुँचवालाको अधिनमा भन्दा पनि सबैका लागि आवश्यक पर्ने विषय हो ।

तर स्थिति यस्तो छैन । संसारका सबै मानिसले जमिनको उपयोग गर्न पाएका छैनन् । हुनेखाने र ठूलाठालुले यसको ठूलो हिस्सा ओगटेका छन् । सीमित मानिसले थुप्रै जमिनमाथि स्वामित्व कायम गर्नाले मानवको ठूलो जमात भूमिहीन बन्न पुगेको छ । भूमिबाट वञ्चित रहनुपर्ने अवस्थाले उनीहरुको चौतर्फी विकास र अधिकारमा आघात पुगिरहेको छ । भूमिहीनताको शिकार हुनेहरु नेपालमा पनि प्रशस्त छन् ।

नेपाल बसोबास बस्ती संरक्षण समाजका अनुसार अधिराज्यभर ५५ लाख सुकुम्बासी तथा अव्यवस्थित बसोबासी रहेका छन् । त्यसैगरी काठमाडौंमा मात्र सुकुम्बासीका ६६ बस्तीमा ३३६७ घरधुरी छन् भने यस्तो संख्या ललितपुरमा ४१५ घरधुरी छ ।





भूमिअधिकारबाट वञ्चितहरुको आवाज विषयक कार्यक्रममा हलिया, मुक्त कमैया, सुकुम्बासी, मोही आदि प्रतिनिधिद्वारा जारी अपिलमा जनाइएअनुसार मुलुकका ४२ लाख ५३ हजार परिवारमध्ये २ लाख १७ हजार ६७५ परिवारसँग छाप्रो उभ्याउने जमिनसमेत छैन । त्यसैगरी जमिन जोतखन गर्ने र उत्पादन गर्ने ८ लाख २ हजार ६१५ परिवारसँग खेती गर्ने जमिन छैन । उनीहरु अरुको जमिनमा खेती गर्छन् ।

करिब ५५ लाख यस्तो जनसंख्यामध्ये धेरैजसो दलित, जनजाति छन् र ती नै मुलुकका बढी गरीबमध्येमा पर्छन् । त्यसैले नेपालको गरिबी सोझै भूमिको उपलब्धतासँग जोडिएको छ । जसको जमिन छ, ऊ धनीमा गनिन्छ भने जसको जमिन छैन, ऊ स्वतः गरिबमा पर्छ ।

### हेरौं भूमि अधिकारका सवाल

भूमि प्राप्तिलाई जीवनको अत्यावश्यक आधारभूत विषय मानिएको छ । त्यसैले मानव अधिकारका दृष्टिकोणले पनि मानवलाई भूमि प्राप्त हुनैपर्ने अवधारणा अघि सारिएको पाइन्छ ।

विश्वमै मानव अधिकारको पहिलो महत्वपूर्ण दस्तावेज ठानिने मानव अधिकारको विश्वव्यापी घोषणापत्रले पनि

**खै मेरो जग्गा ?**

*लाहान, सिरहाकी विन्दा सदाले २०५६ सालमा ७ धुर जग्गाको पूर्जा पाएकी थिइन् । तर ४ वर्ष बित्यो, उनले पूर्जाअनुसारको जग्गा भेट्न सकेकी छैनन् । 'यही पूर्जा लिन पनि पैसा मागे, मासिक सयकडा ५ को ब्याजमा पच्चीस सय लिएर सुकुम्बासी समस्या समाधान जिल्ला समिति, सिरहाका अध्यक्षलाई बुझाइयो तर पनि जग्गा पाइएन्, अहिले भन्न जाँदा कुनै खाली ठाउँ खोजेर बस्, कति कचकच गर्न आएको, म अहिले पदमा छैन भनेर हकार्छन्'– उनको भनाइ छ । त्यही जिल्लामा मुलुककै प्रतिष्ठित उद्योगपतिले लाहानको मुख्य बजारमा ४ कठ्ठा जग्गा पाए भने पार्टीका जिल्ला तहमा बस्ने केही नेता पनि राम्रो ठाउँमा १७ कठ्ठाका दरले सुकुम्बासीका नाममा जमिन पाउन सफल भएका छन् ।*




भूमि प्राप्तिको विषय उठान गरेको छ । १९४८ डिसेम्बर १० मा जारी यो घोषणापत्रको धारा १३ (१) ले प्रत्येक व्यक्तिलाई प्रत्येक देशको सिमानाभित्र स्वतन्त्रतापूर्वक विचरण र बसोबास गर्ने अधिकार हुनेछ भन्ने उल्लेख गरेको छ । बसोबासको अर्थ सोझै भूमिसँग सम्बन्धित हुन्छ र भूमि नभए यो धाराले परिकल्पना गरेको बसोबास सम्भव हुँदैन ।

त्यसैगरी आफू बस्ने इलाका र घर रोज्ने अधिकारलाई नागरिक तथा राजनीतिक अधिकार विषयक संयुक्त राष्ट्रसंघीय अनुबन्धको धारा ११ ले निश्चित गरेको छ । थुप्रै यस्ता अन्तर्राष्ट्रिय सन्धि/अभिसन्धिले मानिसको बसोबाससँग सम्बन्धित भूमि प्राप्तिलाई सोझै प्राथमिकता दिएका छन् ।

नेपाल अधिराज्यको संविधान २०४७ ले पनि प्रत्येक नेपालीले बसोबास गर्न पाउने र स्वतन्त्र विचरण गर्न पाउने अधिकारलाई प्रमुखतासाथ उल्लेख गरेको छ । यसरी हेर्दा विभिन्न नियम/कानूनले पनि मानिसका लागि जमिन हुनैपर्ने अनिवार्यतालाई सोझो वा घुमाउरो अर्थमा प्रष्ट्याएका छन् ।

नेपालमा भूमिहीनलाई जमिन प्राप्त गराउने उद्देश्यले पटक पटक भूमिसुधार कार्यक्रम घोषणा गरिएका छन् । भूमिसुधारको प्रमुख उद्देश्यमध्ये एउटा



हदबन्दी पनि हुने गर्छ । हदबन्दीको नियम लगाएर बढी जमिन भएकाहरुसँग जमिन लिने र त्यस्तो जमिन भूमिहीन, सुकुम्बासीलाई वितरण गर्ने योजना हरेकजसो भूमिसुधार कार्यक्रमले घोषणा गर्दै आएका छन् । तर घोषणाअनुरुप काम हुन नसकेकाले अहिले पनि मुलुकमा हजारौं जनता भूमिहीनको सूचीमा पर्न बाध्य हुँदै आएका छन् ।

## कुखुरा खुवाउँदा पनि केही लागेन

*महोत्तरी गौरीबास-५ रातमाटेमा बस्दै आएका ७० घर सुकुम्बासीलाई धनीपूर्जा दिन पटक-पटक जग्गा नापिएको छ । तर पनि उनीहरुले जग्गा र पूर्जा पाउन सकेका छैनन् । सो बस्तीका सुकुम्बासी गणेश राउत भन्छन्- 'कुखुरासम्म त खुवायौं तर आयोगका सदस्यले भनेको जति पैसा दिन नसक्दा पूर्जा पाइएन ।'*

विशेषगरी मुलुकमा २०२१ सालपछि २३ सालसम्म केही चरणमा भएका हदबन्दी कार्यक्रमबाट प्राप्त जमिन नै अहिलेसम्म हदबन्दीबाट प्राप्त जमिनका रुपमा चिनिँदै आएको छ । त्यसपछि खासै जमिन प्राप्त भएका पाइन्न । सरकारी तथ्यांकअनुसार हदबन्दीबाट ४७९६२-१०-० विघा जमिन प्राप्त भएको थियो, जसमध्ये ४३८४३-७-१६ विघा बिक्री वितरण भइसकेको छ ।

यसैगरी सरकारहरुले बेलाबेलामा सुकुम्बासीलाई जमिन वितरण गर्ने उद्देश्यले सुकुम्बासी आयोग गठन गर्ने गरेका छन् । तर यो स्थायी प्रकृतिको नभएकाले सरकारहरुको मुडमा भर पर्ने गरेको छ । एकातर्फ अहिलेसम्म कति सुकुम्बासीलाई कति जमिन वितरण गरियो भन्ने तथ्यांक सरकारसँग पनि छैन भने अर्कोतर्फ यसरी वितरित जमिन पनि विवादास्पद बन्दै आएका छन् ।

खासगरी समस्यामा आधारित नभई राजनीतिक उद्देश्यले गठन हुने सुकुम्बासी आयोग र त्यसको त्यही हिसावको काम गराइले सुकुम्बासी आयोगहरु प्रभावी हुन सकेका छैनन् । राजनीतिक स्वार्थले प्रेरित भई काम गरिएका कारण वितरित जमिन पनि भूमिहीनभन्दा बढी भूमिवालाले नै पाएका छन् । यससम्बन्धी थुप्रै मुद्दा यही कारण अहिले पनि विवादित छ ।



भूमिहीनप्रति सरकारहरु निष्ठुर भने छैनन् । उनीहरुले हरेक पटकको भूमिसुधार कार्यक्रम तथा ऐन संशोधनका बेला यसो गर्नुको उद्देश्यमा 'भूमिहीनलाई जमिन उपलब्ध गराउने' भन्ने वाक्यांश राख्न छुटाउँदैनन् तर व्यवहारमा भने यसो भइरहेको छैन । जसले गर्दा भूमिहीन घट्नुको सट्टा बढ्दै गइरहेका छन् ।

दशौं योजनाले पनि हदबन्दीभन्दा बढी भई प्राप्त हुन आउने जग्गा आर्थिक दृष्टिकोणले विपन्न कृषि श्रमिक, भूमिहीन, सुकुम्बासी, सिमान्त साना किसान, दलित जनजाति आदिबासीहरुलाई न्यायोचितरुपमा वितरण गरिने उल्लेख गरेको छ । त्यसैगरी २०६१ मंसिरमा जारी राष्ट्रिय कृषि नीतिले पनि सीप भएका भूमिहीनलाई भूमिमा पहुँचको अवसर उपलब्ध गराउने अवधारणा अघि सारेको छ ।



## भूमिहीनताले पारेका असर

भूमि अधिकारबाट वञ्चित रहँदा अन्य धेरै अधिकारबाट वञ्चित रहनुपर्ने अवस्था पनि हाम्रा नियम/कानूनले नै खडा गरेका छन् । राज्यले उपलब्ध गराउने ऋण, जायजेथा किनबेच, व्यवसाय सञ्चालन जस्ता प्रक्रियामा भूमिधनी पूर्जा अनिवार्य मानिन्छ । यसको अभावमा राज्य प्रदत्त अधिकारबाट भूमिहीन वा जोताहा किसान सोभै वञ्चित रहेको देखिन्छ । राज्यले दिने सुविधा नै नपाएपछि त्यो व्यक्ति त्यो देशको पूर्ण नागरिक हुन नसक्ने भएकाले ऊ स्वतः दोस्रो दर्जाको नागरिकमा गणना हुन पुग्छ ।

हाम्रा नियमहरुले नागरिकता बनाउन, बैंकबाट ऋण झिकेर केही काम गर्न, घरमा बिजुली, धारा आदि जडान गर्न जस्ता विविध कार्यका लागि जग्गाधनी पूर्जा माग गर्छन् । त्यसैगरी कोही जागिरेले कर्मचारी सञ्चय कोषले वितरण गर्ने ऋण माग गऱ्यो भने पनि उसले त्यहाँ लालपूर्जा तेर्स्याउनैपर्छ । नागरिकता र जग्गाधनी पूर्जालाई एकापसमा अन्तरसम्बन्धित बनाएर कुनै एकको अभावमा अर्को प्राप्त नहुने अवस्था पनि कतै न कतैबाट सिर्जना गरिएको छ । जसको अभावमा भूमिहीन अन्य सुविधाबाट पनि पीडित हुनुपर्ने अवस्था बनाइएको छ ।

विशेषगरी दलित र जनजाति भूमिहीनताको सबैभन्दा बढी मारमा परेको पाइएको छ । जुत्ता, लुगा सिउने, आरन चलाउने जस्ता परम्परागत पेशाहरु विविध कारणले संकटमा पर्दै जाने तर गरिखानका लागि जमिन नहुनाले दलितहरुको दिनचर्या कष्टकर बन्दै गइरहेको छ । सिनो फ्याँक्ने पेशा परिवर्तन गर्न खोजेकै कारण सिरहा र

### लालपूर्जाले छेक्यो अधिकार

*सिरहाको चन्द्रलालपुर गा.वि.स. ६ का १ सय ५ घर मुसहरले बासका लागि समेत जमिन पाउन सकेका छैनन् । ०५१ र ०५६ का दुवै आयोगले नागरिकता नभएको कारण देखाएर उनीहरूलाई पूर्जा दिएनन् । १ सय ५ परिवार मुसहरहरू पुग नपुग ५ कट्ठा जग्गामा बसिरहेका छन् भन्दा सुन्नेलाई पत्याउन गाह्रो पर्छ । अझ उनीहरूलाई त्यहाँबाट उठिबास लगाउन स्थानीय जमिन्दारले विभिन्न दुःख दिन छाडेका छैनन् ।*

सप्तरीका चमार जातिले भोकै बस्नुपर्ने अवस्था सिर्जना भइसकेको छ। यदि उनीहरुसँग जमिन भएको भए आज यो स्थिति आउने नै थिएन।

एकातर्फ दलितसँग जमिन छैन भने अर्कोतर्फ नेपालका अधिकांश कृषि मजदूर दलित छन्। एक तथ्यांकअनुसार ३.१ प्रतिशत दलितसँग मात्र २१ रोपनी जमिन हुनुले उनीहरुसँग जमिन नै भए पनि त्यसको मात्रा कति दयनीय छ भन्ने प्रष्टिन्छ। यसैगरी एक तथ्यांकअनुसार नेपालका दलितको प्रतिव्यक्ति आय ३९.६ डलर छ, जबकि यस्तो आम्दानी गैरदलितको २१० डलर छ। यसले के देखाउँछ भने नेपालका दलित विश्वकै सबैभन्दा बढी गरीबमध्ये पर्छन्। जसको प्रमुख कारण ऊ भूमिहीन हुनु नै हो। किनकि नेपालीको स्तर मापन गर्ने सबैभन्दा ठूलो आधार र सम्पत्ति अहिलेसम्म जमिन नै हो।

भूमिहीनताले विश्वमै उन्मूलन भइसकेको दासदासी जस्ता प्रथासमेत नेपालमा मौलाइरहन सकेका छन्। चार वर्षअघि मात्र खानकै लागि अरुकहाँ दाससरह जीवन बिताउन बाध्य कमैया प्रथा सरकारले उन्मूलन भएको घोषणा गऱ्यो। तर पनि उचित पुनर्स्थापनाको अभावमा अरु नै नाममा यस्तो प्रथा जारी छ। हलिया, कमलरी, हरुवा, चरुवा, भैसवार आदिका नाममा तथा विना नाममा यस्तो शोषणकारी प्रथा अहिले पनि मुलुकमा विद्यमान छ।

जसमा जबर्जस्ती मात्र नभएर शोषित हुन जानेको बाध्यता पनि छ। जसको प्रमुख कारण भूमि अभाव नै हो। आफ्नो भन्ने जमिन नभएकाले खानकै लागि यस्तो नारकीय जीवन बिताउन बाध्यहरुको संख्या ठूलै छ। शोषण बाध्यतामा हुन्छ, भूमि नहुनाको यही बाध्यताबाट फाइदा उठाएर साहूहरुले गरीब भूमिहीनको शोषण गरिहेको अवस्था नेपालमा अझै ठूलो संख्यामा पाइन्छ।

अर्कोतर्फ नेपालमा व्यक्ति मापन गर्ने सबैभन्दा ठूलो आधार नै ऊसँग भएको जमिन हो। अझ ग्रामीण इलाकामा त यसको विकल्प नै छैन। त्यसैले इज्जत र मर्यादा तथा खानदानका रुपमा पनि भूमि जोडिएको छ। जसको भूमि छ, ऊ मर्यादित तथा इज्जतलायक हुन्छ तर जसको भूमि छैन वा भूमिहीन छ, उसको सामाजिक स्थिति पनि गिरेको हुन्छ। हाम्रो समाजको बनावटले भूमिहीनलाई सधैं तल्लो नजरले हेर्ने गरेको छ।

यही कारण हो- भूमि हुनेसँग उत्पादन र आम्दानीको स्रोत हुन्छ, त्यसैले ऊ शिक्षा, स्वास्थ्य, व्यवसाय आदिमा पहुँच पुऱ्याउन सक्छ, जोसँग भूमि छैन, ऊ यस्ता अवसरबाट वञ्चित हुन्छ। यस्तो अवस्थाले भूमिवालालाई अवसर नै अवसरको भऱ्याङ उपलब्ध गराउँदै राजनीति र प्रशासनका



उच्च सिँडीहरुमा पुऱ्याउने तथा भूमिहीनलाई भने सबै अवसरबाट वञ्चित गराउने वातावरण सिर्जना गरेको छ। यस्ता मान्छेले निर्माण गर्ने नीति-नियमले फेरि पनि भूमिहीनतर्फ दृष्टि पुऱ्याउन सक्दैनन्। यही विडम्वनापूर्ण स्थितिले अहिले नेपाली भूमिहीन पीडामाथि पीडा थोपर्न बाध्य छन्।

## के गर्न सकिन्छ ?

१) मुलुकभरका भूमिहीनको एकिन तथ्यांक तयार गरी उनीहरुलाई निश्चित मापदण्डका आधारमा जमिन उपलब्ध गराउनुपर्छ।

२) जमिन वितरण गर्दा सकेसम्म उनीहरुले हालसाल खेती गरिरहेको जमिनबाटै मोहियानीस्वरुप केही जमिन उपलब्ध गराउने व्यवस्था गर्नुपर्छ।

३) हदबन्दी लागू गर्नुपर्छ। जसबाट प्राप्त जमिन भूमिहीनलाई उपलब्ध गराउनुपर्छ।

४) सुकुम्बासीका नाममा जमिन दिइएकाको अभिलेख दुरुस्त राख्नुपर्छ। गैर सुकुम्बासीले पाएको भए त्यसलाई फिर्ता गर्नुपर्छ।

५) हदबन्दी तथा त्यसबाट प्राप्त हुने जमिन भूमिहीनलाई वितरण गर्न निश्चित अवधिका लागि एउटा कार्ययोजना र त्यसलाई लागू गर्ने शक्तिशाली निकाय गठन हुनुपर्छ।

६) राज्यद्वारा वितरित विभिन्नखाले सुविधा जग्गाधनी पूर्जा नभएकै कारण नपाउने अवस्था खारेज गर्नुपर्छ।

७) जग्गा प्राप्तिमा नागरिकताको ठूलो भूमिका भएकाले नागरिकता प्राप्तिलाई सहज तुल्याउनुपर्छ।

८) बेदर्तावाल मोहीलाई मोहियानी हक दिलाउन सकियो भने भूमिहीनको संख्या स्वात्तै घट्छ।

९) खासगरी तराइ क्षेत्रमा ऐलानी जग्गामा खेतिपाती तथा बसोबास गर्नेको संख्या ठूलो छ। यस्तो जग्गा घरायसी कागजातका आधारमा किनबेच हुने गर्छ। यिनीहरुमध्ये कयौंको रैकर जग्गा छैन। रैकर जग्गा नहुँदा जग्गामा धेरथोर पहुँच भएर पनि उनीहरु भूमिहीन बन्नुपरेको छ। यस्ता जग्गाको स्वामित्व र प्रयोगसम्बन्धी स्पष्ट नीति ल्याइ वर्षौंदेखि भोगचलन गरिआएकालाई मतदाता नामावलीका आधारमा स्वामित्व दिलाउने व्यवस्था हुनुपर्छ।

*भूमिअधिकारका लागि संघर्ष गरौं।*

नेपालमा व्यवस्थितरूपमा भूमिसुधार कार्यक्रम लागू भएको ४२ वर्ष बितेको छ। तर पनि भूमिसँग जोडिएका दर्जनौ समस्या अहिले पनि जस्ताका तस्तै छन्। हदबन्दी लागू भएको छैन, बनेका कानून लागू भएका छैनन्, यस्तो अवस्थाबाट यही मुलुकमा बसोबास गर्ने लाखौं जनताले भूमिअधिकारबाट वञ्चित भइरहनुपरेको छ।

यस्तो अवस्थाबीच एक दशकदेखि सामुदायिक आत्मनिर्भर सेवा केन्द्र भूमिअधिकारको सवालमा कार्यरत् छ। यही क्रममा भूमिसम्बन्धी पढ्ने सामग्रीको अभाव सर्वत्र महसुस हुन पुग्यो। त्यसैले भूमिसम्बन्धमा चासो राख्नेहरूका लागि उपयोगी हुन सकोस् भनेर यो सामग्री तयार पारिएको छ।

**सामुदायिक आत्मनिर्भर सेवा केन्द्र**
**पो.ब.नं. १९७९०, काठमाडौं, नेपाल, फोन :** ९७७-१-४३६०४८६
E-mail: landrights@csrcnepal.org
Website: www.csrcnepal.org